नगर प्रमुख : ५२१७४३
उप-प्रमुख :५२०८७४
कार्यकारी अधिकृत : ५२०४२९ का.

५२१३२९ नि.

फ्याक्स : ५२११२९
दमकल : ०९१५२२१०७वा १०१

# धनगढी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

धनगढी कैलाली, ७ नं. प्रदेश नेपाल ।

**मिति ३०७५/०४/३१**

## सामाजिक सुरक्षा भत्ता सम्बन्धि सार्बजनिक सूचना

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७२ अनुसार सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिक ,अबिबाहित वा सम्बन्ध विच्छेद भएका ६० वर्ष पुरा गरेका एकल महिला, पतिको मृत्यु भएका जुनसुकै उमेरका बिधवा, महिला तथा बालबालिका कार्यालयबाट रातो र निलो रंगको परिचय पत्र प्राप्त गरेका अपांगता भएका व्यक्तिहरु, लोपोन्मुख आदिबासी जनजाती तथा दलित समुदायका ५ बर्ष मुनिका बालबालिकाको भत्ता प्राप्त गर्न देहाय बमोजिम गर्न हुन अनुरोध छ /

क) दलित समुदायका ६० बर्ष उमेर पुगेका तथा अन्यको हकमा ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकले नाम दर्ताका लागि अनिबार्य रुपमा श्रबण १ गते देखि मङ्सिर १५ गते सम्म सम्बन्धित वडा समितिको कार्यालयमा दरखास्त दिनु पर्ने छ /

ख) लोपोन्मुख आदिबासी जनजातीमा पर्ने नागरिकले नाम दर्ताका लागि अनिबार्य रुपमा श्रावण १ गते देखि मङ्सिर १५ गते सम्म सम्बन्धित वडा समितिको कार्यालयमा दरखास्त दिनु पर्ने छ /

ग) अन्य लाभग्राहिहरुले नाम दर्ता गर्नका लागि जुनसुकै समयमा (कार्यालय समय भित्र ) सम्बन्धित वडा समितिको कार्यालयमा दरखास्त दिनु पर्ने छ /

घ) दरखास्त साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो संलग्न गर्नुपर्नेछ / साथै अपांगताको हकमा अपांगताको परिचयपत्र, एकल महिलाको हकमा सम्बन्ध बिच्छेद दर्ताको प्रमाणपत्र वा अबिबाहित पुस्टि हुने प्रमाणपत्र, विधवा एकलको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्र र दलित बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्र को प्रतिलिपि तथा आमा वा अभिभाबकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ /

ङ) सबै प्रकारको भत्ता बैंक मार्फत वितरण गरिने भएकोले तोकिएको बैंकमा खाता खोल्नु पर्नेछ /

"सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान
समजिक सुरक्षाको हाम्रो अभियान"

०७५/४/३१
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner